# स्थानीय राजपत्र


## म्यागङ गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः९ नुवाकोट, बागमती प्रदेश, नेपाल ५ चैत्र, २०८१ साल ( संख्याः०३)**


## भाग २

# खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि युवाहरुलाई धुम्रपान, मद्यपान, लागू पदार्थ सेवनको कुलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यलाई मुर्त रुप दिन वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी म्यागङ गाउँपालिकाको मितिः२०८१।१२।०४ गते बसेको कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरी कार्यन्वयन गरिएको छ।

## म्यागङ गाउँपालिकाको खेलकूद सञ्चालन सम्वन्धी कार्यविधि, २०८१

**परिच्छेद- १**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम **"खेलकूद सञ्चालन सम्बन्धी कर्यविधि,२०८१"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा र व्याख्याः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"युवा तथा खेलकुद समिति"** भन्नाले कार्यपालिकाको बैठकबाट गठित युवा तथा खेलकुद समितिलाई सम्झनु पर्दछ।

(ख) **"गाउँ खेलकुद समिति"** भन्नाले म्यागङ गाउँपालिकाको गाउँ कार्यपालिकाबाट गठित गाउँ खेलकुद समितिलाई सम्झनु पर्दछ।

(ग) **"टिम,क्लब, संघ,संस्था"** भन्नाले गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका म्यागङ गाउपालिका क्षेत्र भित्रका टिम, क्लव र संघसंस्थाहरुलाई सम्झनु पर्दछ।

(घ) **"खेलाडी "** भन्नाले टिम, क्लब, संघसंस्थामा सम्बद्ध खेलाडीलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रशिक्षर्थी"** भन्नाले म्यागङ गाँउपालिकाद्धरा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्था सम्बद्ध सिकारु खेलाडीलाई सम्झनु पर्दछ ।

(च) **"प्रशिक्षक"** भन्नाले म्यागङ गाउँपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक खेलाडी, टिम, क्लव, संघ संस्था सम्बद्ध विषयगत प्रशिक्षकलाई सम्झनु पर्दछ।

(छ) **"प्रशिक्षण समिति"** भन्नाले गाउँ खेलकुद समिति अन्तर्गत म्यागङ गाउँपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समितिलाई सम्झनु पर्दछ।

(ज) **"खेलकुद विकास कोष "** भन्नाले म्यागङ गाउँपालिकाको खेलकुद विकास कोषलाई सम्झनु पर्दछ।

(ञ) **"खेलाडी विवरण "** भन्नाले टीम, क्लव, संघ संस्थाहरुले आफ्नो टिम, क्लव, संघसंस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक महिना गाउँपालिकामा पेश गरेको विवरणलाई सम्झनु पर्दछ।

(ट) **"खेलकुद पदाधिकारी"** भन्नाले खेलकुद सम्बद्ध समिति, उप-समितिका पदाधिकारीलाई सम्झनु पर्दछ।

# परिच्छेद २

## ३. गाउँपालिका खेलकुद समितिका उद्देश्यहरु

क) खेलकुदको माध्यमले गाउँको कला संसकृति र प्रतिष्ठामा सहयोग पुर्याउने,

ख) गाउँभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बिच समन्वय गरी खेलकूदको विकासमा सहयोग गर्ने,

ग) स्वस्थ्य प्रतिस्पर्धाको भावना जाग्रित गराई, देशभक्त, स्वभिमानी, समाज प्रति उत्तरदायी, अनुशाशित, परिश्रमि, नैतिकवान सचेत नागरिक तयार गर्ने,

घ) सडक,टोल, गल्ली, चोक आदिलाई स्वच्छ र सफा राख्न खेलकूद संघसँस्थालाई परिचालन गर्ने,

ङ) खेलकूदको माध्यमबाट पालिकाबासिहरुलाई नागरिक भावना प्रति सचेत गराउने,

च) खेलकूदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहान गर्ने,

छ) खेलकुद बिकासको निम्ति भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघसंस्था, विद्यालय र सरकारी निकायहरुलाई सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई शारीरिक ब्यायाम र खेलकुद ब्यवस्था गर्न सहयोग पुर्याउने,

ञ) गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्ध गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा वढाउने,

ट) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

ड) गाउँ खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गरि तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद—३

## गाउँपालिका खेलकुद समितिको गठन र वैठक कार्यविधी

**४. समिति गठनः** गाउँ कार्यपालिकाले देहाय वमोजिमको पदाधिकारी रहने गरी एक गाउँ खेलकुद समिति गठन गर्न सक्नेछ।

क) गाउँपालिका युवा तथा खेलकुद समितिको संयोजक — अध्यक्ष

ख) युवा तथा खेलकुद समितिका सदस्यहरु — सदस्य

ग) गाउँपालिकाको प्रत्येक वडाबाट गाउँपालिकाले मनोनयन गरेको १० जना — सदस्य

घ) गाउँपालिका अध्यक्षले तोकेको कर्मचारी — सदस्य सचिव

**५. समितिको पदावधिः** गाउँ खेलकुद समितिको पदावधि समिति गठन भएको मितिले २ वर्षको हुनेछ ।साथै उपयुक्त ठानेमा सो समितिका पदाधिकारी वा समितिलाई गाउँ कार्यपालिकाबाट पुनर्नियुक्ति गर्न सकिनेछ ।

**६. वैठकः** गाउँ खेलकुद समितिको वैठक आवश्यक्त अनुसार बस्नेछ ।

**७. अध्यक्षको काम, कर्तब्य र अधिकारः**

क) गाउँ खेलकुद समितिको वैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ।

ख) खेलकुद प्रतियोगिताको वार्षिक कार्ययोजना तयार गरी आयोजना संचालन तथा व्यवस्थापन गर्ने/गराउने,

ग) राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने,

घ) गाउँपालिका खेलकुद समितिको वैठक वस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नुपर्ने सम्पूर्ण सिफारिसहरु गर्ने,

ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

**८. सदस्य सचिवको काम कर्तव्य र अधिकारः**

क) वैठकको पत्रचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अक्ष्यक्षको आदेशानुसार वैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने,

ख) वैठक माइन्युट उठाउने र वैठक संचालन सम्बन्धि आवश्यक काम गर्ने ।

## परिच्छेद—४

## खेलकुद प्रतियोगीता व्यवस्थापन

**९. प्रतियोगिता संचालनः** गाउँ खेलकुद समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ।

**१०. खेलकुद आयोजनाः** गाउँपालिका वा गाउँ खेलकुद समिति आफैले वा गाउँपालिकाभित्रका टिम, क्लवहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछन्।यसरी आयोजना गरिएको प्रतियोगितामा सहभागी हुन आउने प्रतियोगि टिमहरुको प्रति टिम रु.१०,०००/- टिम दर्ता शुल्क लिई टिम दर्ता गर्नु पर्नेछ ।

**११. सल्लाहकार समितिको गठनः-** गाउँपालिका खेलकुद समितिले आवश्यक्त अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ।

## पच्छिेद—५

## गाउँपालिका क्षेत्रभित्रका टीम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

**१२. संस्था दर्ताः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका टीम, क्लव, समिति र संस्था आदिले गाउँ खेलकुद समितिको उद्धेश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क

रु.१०।- र दर्ता शुल्क रु.२५०।-लिई सम्बन्धित वडाअध्यक्षको सिफारिस सहितको आधारमा संस्था दर्ता गर्न सकिनेछ । उक्त बमोजिम दर्ता भएको संस्था प्रत्येक बर्षको साउन मसान्त भित्र नविकरण शुल्क रु.२५०।-लिई नविकरण गर्नु पर्नेछ।

**१३. स्वीकृति लिनु पर्नेः** दर्ता भएका टीम, क्लव, पुस्ताकालयले जुनसुकै प्रतियोगीता गर्नु भन्दा अगाडी गाउँ खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।

**१४. निरीक्षणः** दर्ता र नविकरण गर्नु भन्दा पहिले गाउँपालिका खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ।

**१५. आर्थिक सहयोगः** गाउँ खेलकुद समितिमा भएको टीम, क्लव, संघ, संस्थाहरुले गाउँ खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँ खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ।

क) वडा ब्यापी प्रतियोगीको लागि (वर्षमा १ पटक) बढीमा रु. ५,०००।- देखि रु.१०,०००।- सम्म,

ख) गाउँपालिका व्यापी प्रतियोगीताको लागि (वर्षमा १ पटक) वढीमा रु.१०,०००।- देखि रु. २०,०००।- सम्म

ग) जिल्ला र उपत्यका व्यापी प्रतियोगीताको लागि (वर्षमा १ पटक) रु.१५,०००।- देखि रु. ३०,०००।-सम्म

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगीताका लागि (वर्षमा १ पटक) वढीमा रु.२०,०००।- देखि ५०,०००।-सम्म ।

ङ) गाउँपालिकाको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने उद्देश्य लिई गरिने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुर्याउन गाउँपालिका समक्ष आर्थिक सहयोग माग गर्न सकिनेछ।

**१६. वडागत खेलकुद समिति गठनः** गाउँ खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ।

**१७. ढाँचा निर्धारण गरि लागु गर्नुपर्नेः** गाउँ खेलकुद समितिले टिम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचयपत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरि लागु गर्नेछ।

## परिच्छेद —६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

**१८. प्रतियोगिताहरुको आयोजना गर्न सकिनेः** गाउँपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ। साथै गाउँपालिकाले पालिकास्तर/अन्तर पालिकास्तर वा देशव्यापी खेलकुद प्रतियोगिताहरुको आयोजना समेत गर्न सकिने छ ।

**१९.सम्मेलनः** खेलकुद विकासको लागि सभा, सम्मेलन गोष्ठी गर्ने वा गराउन सक्नेछ।

**२०.सम्मानः** राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी/प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

**२१.बैठकः** गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागी आवश्यकता अनुसार टीम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको ऱ्यालाी वा बैठक बोलाउन सक्नेछ।

**२२.सहभागी गराउनेः** अन्तर गाउँपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिको सहभागि गराउन सकिनेछ ।

**२३.सुविधा सम्बन्धि व्यवस्थाः** गाउँपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीम, क्लवका खेलाडी, प्रशिक्षक,व्यवस्थापक र संयोजक लगाएतलाई निम्नानुसार सुविधा उपलव्ध गराउन सकिने छ ।

**२४. गाउँपालिका भित्रको हकमा :-**

क) प्रतियोगितामा भाग लिन जाने प्रतियोगिहरुलाई जाँदा आउँदा, खाना बस्न र पारवहनका लागि हुने खर्च उपलव्ध गराईनेछ।

ख) गाउँपालिकाले आयोजना गरिने खेलकूद प्रतियोगितमा खर्च मितव्ययीका लागि सहभागी तथा अतिथिलाई खाना तथा खाजाको कुपन उपलव्ध गर्नु पर्नेछ र सोहि कुपनको आधारमा प्रचलित बजार भाउ बमोजिम खर्च भएका विल भर्पाईहरुको खर्च रकम भुक्तानी गर्न सकिने छ ।

ग) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्तका लागि खेल प्रशिक्षक/ रेफ्री (राष्ट्रियस्तर) लाई प्रतिदिन रु.४०००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।

घ) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्तका लागि खेलाडी प्रतिदिन रु.३०००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।

ङ) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्तका लागि स्थानीय खेल संयोजक/व्यवस्थापक/रेफ्री लाई प्रतिदिन रु.२५००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।

च) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्तका लागि स्ययम सेवक प्रतिदिन रु.५००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।

ग) खेलकुद पोशाकाको हकमा प्रति खेलाडी/प्रशिक्षक/रेफ्री/व्यवस्थापक र संयोजकलाई बढीमा वार्षिक रु.३०००।- सम्मको सुविधा दिन सक्नेछ।

**२५. गाउँपालिका बाहिर भाग लिन जाने हकमाः**

क) प्रतियोगितामा भाग लिन जाँदा आउँदा, खाना बस्न र पारवहनका लागि हुने खर्च उपलव्ध गराईनेछ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेल प्रशिक्षक/ राष्ट्रियस्तर रेफ्री प्रतिदिन रु.४५००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।

ग) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी/व्यवस्थापक/संयोजकलाई प्रतिदिन रु.४०००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।

ग) खेलकुद पोशाकाको हकमा प्रति खेलाडी/प्रशिक्षक/रेफ्री/व्यवस्थापक र संयोजकलाई बढीमा वार्षिक रु.३०००।- सम्मको सुविधा दिन सक्नेछ।

## परिच्छेद ७

**२६. तालिम तथा प्रशिक्षणः** खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिन सक्नेछ।

**२७. आवेदन दिनुपर्नेः** प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन म्यागङ गाउँपालिका खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफरिस सहित म्यागङ गाउँपालिका खेलकुद समितिले निर्धारिण गरेको फाराम भरी आवेदन दिनुपर्नेछ।

**२८. शुल्कः** प्रशिक्षार्थीहरुले फराम शुल्क रु.१० मासिक शुल्क रु.५० बुझाई खेलडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु.१० दर्ता शुल्क रु.५०० लाग्ने छ।

**२९.खेल प्रशिक्षक नियुक्तिः** कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी वढीमा एक जना प्रशिक्षक,

एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ।यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँपालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलव्ध गराईनेछ।

**३०. खेलको प्रशिक्षण अवधिः** कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ।आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ।प्रतियोगित समय अवधिभर छोटो समयका लागि समेत खेल प्रशिक्षेण गर्न सकिनेछ ।

**३१. व्यक्तिगत प्रयोगको सामानः** प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले  जुटाउनु पर्नेछ।

**३२. प्रतिबेदन पेश गर्नुपर्नेः** खेल संयोजक/प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी गाउँपालिकामा माग गर्ने, खेलाडीमा मासिक शुल्क उठाउने, प्रशिक्षण सामाग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई अनुशासनमा राख्ने, प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिबेदन तयार गरी पेश गर्नु पर्नेछ।

**३३. प्रशिक्षण कार्यः** प्रशिक्षकले हप्ताको ६ दिन हुने गरि कम्तिमा दिनको दुई घण्टा खेलाडिहरुलाई प्रशिक्षण गर्नुपर्नेछ।

**३४. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनःसंचालन गर्नेः** आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाउँ खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनु पर्नछ।

**३५. स्वीकृत भए अनुसार गर्नुपर्नेः** कुनै खेल प्रशिणमा बिशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गर्नु पर्नेछ।

## परिच्छेद — ८

## गाउँ खेलकुद कोषको व्यवस्था

**३६. खेलकुद विकास कोषको व्यवस्थाः** खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि म्यागङ गाउँपालिकामा गाउँ खेलकुद विकास कोषको व्यवस्था गरिनेछ।

**३७. कोषका स्रोतहरु देहाय बमोजिम हुनेछ :**

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद,जिल्ला खेलकुद बिकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै ब्यक्तिबाट प्रप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतिगोगिता वा कायक्रम आयोजना गरी संलग्न भएको रकम,

ग) विभिन्न प्रशिक्षण अवधिभर उठेको आवदेन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम, गाउँपालिका भित्रका टीम, क्लब दर्ता आवेदन शुल्क नविकरण शुल्क, फाराम शुल्क आदि।

**३८. कोषको संचालनः** कोषको सञ्चालन गाउँ खेलकुद समितिको निर्णय अनुसार हुनेछ।

**३९. कोषको खर्चः** गाउँ खेलकुद समितिको अध्यक्षले बढीमा १०,०००/-सम्म कोषबाट खर्च गर्न सक्नेछ।

यसरी गरिएको खर्च समितिको बैठकवाट अनुमोदन गरी नियम अनुसार फछर्यौट गर्नुपर्नेछ।

## परिच्छेद ९

## खेलकुद पुर्वाधार तथा निर्माण तथा मर्मत

४०. **जडान तथा मर्मतः** कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामाग्रीहरुको सामान्य जडान तथा मर्मत सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

४१. **मर्मत सम्भारः** सम्बन्धित प्राविधिककोमा लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँ खेलकुद समितिले कोषवाट मर्मत सम्भार गर्नेछ । तर रकम अपुग भई कोषबाट खर्चगर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागी पठाउनु पर्नेछ।

४२. **खेलकुद पुर्वाधारः** (स्टेडियम, खेलकुद भवन, मैदान,ट्र्याक आदि) को व्यवस्था गर्न गाउँपालिका खेलकुद समितिको निर्णय अनुसार माग भई आएमा गाउँपालिकाले यस्तो पुर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ।

## परिच्छेद १०

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. **विषयगत खेल प्रशिक्षण समितिको व्यवस्थाः** यूवा तथा खेलकुद समिति अन्तर्गत गाउँपालिका खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धाान्तिक खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्बिधत खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ। विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय वमोजिम हुनेछन्-

क) म्यागङ गाउँपालिका खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक समेत गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ।

ग) यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ।

घ) प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ।

ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ्, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दूर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अगाडी बढाउनु पर्दछ ।

छ) गाउँ खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउनु पर्दछ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य गर्न नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ।

झ) समितिको बैठक संयोजकले तोकिएको मिति, स्थान र समयमा आवश्यकता अनुसार वस्नेछ।

ञ) म्यागङ गाउँपालिका खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ।

ट) अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरि स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ। तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफई पेश गर्ने मौका दिइनेछ। तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि म्यागङ खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

## परिच्छेद ११

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

**४४. पुरस्कार तथा अनुशासनको कारवाहीः** खेलाडी, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ। वर्षमा तीन पटक भन्दा बढि चेतावनी पाउँदा पनि आफ्नो व्यवहार परिवर्तन नगरी खेलको आचारसंहिता उलंघन गर्ने खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागि हुन नपाउने गरी अनुशासनको कार्वाही गर्न सकिनेछ ।विषयगत खेल प्रशिक्षण समिति र म्यागङ खेलकुद समितिको सिफारिसमा खेलकुदमा विशेष योगदान गरेका तथा प्रतियोगितामा अव्वल प्रदर्शन गरेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई गाउँपालिकावाट नगद पुरस्कार सहित सम्मान गरि प्रोत्साहन गर्न सकिनेछ ।

**४५. यस कार्यविधि अनुसार भएको मानिनेः** यो कार्यविधि लागू हुनु पूर्व भए गरिएका खर्चहरु यसै बमोजिम भएको मानिनेछ ।

**४६. संशोधनः** यस कार्यविधिको पुरै वा केही अंश गाउँ कार्यपालिका बैठकबाट संशोधन गर्न सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत